# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/०९/१८ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

-------------------------------------------------------

धनकुटा जिल्ला डाँडाबजार गा.वि.स वडा नं. १ मा रहेको कित्ता नं २०० र कित्ता नं २१२ को सार्वजनिक जग्गा मालपोत कार्यालय धनकुटाका कर्मचारी समेतको मिलेमतोमा व्यक्तिको नाममा दर्ता भएकाले छानविन गरीपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा धनकुटा जिल्ला, डाँडाबजार गा.वि.स वडा नं. १ मा रहेका कित्ता नं २००, क्षेत्रफल १३-०-२-० र कित्ता नं २१२ क्षेत्रफल ०-१४-२-० का जग्गाहरु सरकारी जग्गा भन्ने जानीजानी थाहा हुँदाहुँदै प्रचलित कानूनी व्यवस्था विपरित धनकुटा जिल्ला, डाँडाबजार गा.वि.स. वडा नं ८ का लालप्रसाद लिम्वुसँग मिलेमतो गरी व्यक्तिको नाममा दर्ता गर्ने निर्णय गरी जग्गा धनी प्रमाणपुर्जा समेत दिने दिलाउने कार्य गरी गराई मालपोत कार्यालय, धनकुटाका तत्कालिन कार्यालय प्रमुख उप-सचिव सुरेश कुमार थपलिया, तत्कालिन शाखा अधिकृत टंक प्रसाद दुवाडि, नापी कार्यालय, धनकुटाका तत्कालिन नापी अधिकृत अभय कृष्ण जोशी र डाँडाबजार गा.वि.स. का तत्कालिन गा.वि.स. अध्यक्ष प्रेमसिंह लिम्वुहरुले आफूहरु र लालप्रसाद लिम्वुलाई गैरकानुनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने बदनियतले काम गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ज) बमोजिमको कसूर गरेको तथा सरकारी जग्गा आफ्नो नाममा दर्ता गराई भोग चलन गर्ने गराउने कार्यमा संलग्न लालप्रसाद लिम्वुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा(४) बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा उक्त कार्यमा संलग्न तपसिलमा उल्लेखित निम्न ५ जना व्यक्तिहरु उपर कसुरको मात्रा अनुसार कैद सजाय र विगो बमोजिम जरिवाना गरी विगो (धनकुटा जिल्ला, डाँडाबजार गा.वि.स. वडा नं. १ को कित्ता नं २००, क्षेत्रफल १३-०-२-० र कित्ता नं. २१२ क्षेत्रफल ०-१४-२-० को सरकारी जग्गाहरु) असुल उपर गरी जफत हुने गरी नेपाल सरकारको नाममा पूर्ववत पाउन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.नं. | पद | नाम थर | कार्यालय | विगो | ऐन |
|---|---|---|---|---|---|
| १. | तत्कालिन कार्यालय प्रमुख(उप-सचिव) | सुरेश कुमार थपलिया | मालपोत कार्यालय,धनकुटा | रु.३,८७,३२८/१२ | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| २. | तत्कालिन नापी अधिकृत | अभय कृष्ण जोशी | नापी कार्यालय, धनकुटा | " | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| ३. | तत्कालिन शाखा अधिकृत | टंक प्रसाद दुवाडी | मालपोत कार्यालय,धनकुटा | " | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| ४. | तत्कालिन गा.वि.स अध्यक्ष | प्रेमसींह लिम्वु | डाँडाबजार गा.वि.स,धनकुटा | " | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| ५. | स्थानिय | लालप्रसाद लिम्वु | डाँडाबजार गा.वि.स-०८ | " | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(४) |

FIGHT AGAINST CORRUPTION

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी